# एमडिआईलाई अर्को राष्ट्रिय पुरस्कार

❑ थाहा सन्देश संवाददाता

हेटौंडा-कृषि वन तथा वातावरणको क्षेत्रमा क्रियाशील मकवानपुरको एक गैर सरकारी संस्थालाई राष्ट्रिय स्तरको सामाजिक सेवा पुरस्कार प्राप्त भएको छ ।

जगदीश घिमिरे सामाजिक सेवा पुरस्कारबाट मनहरी विकास संस्था (एमडीआई नेपाल) पुरस्कृत भएको हो । काठमाडौंमा जारी गैरसरकारी संस्था महासंघ नेपालको आठौं महाधिवेसनमा एमडीआई नेपालका कार्यकारी अध्यक्ष खोपनारायण श्रेष्ठलाई प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कार प्रदान गरेका हुन् ।




पुरस्कार प्राप्त गरेपछि प्रतिक्रिया दिँदै अध्यक्ष श्रेष्ठले आफूले निरन्तर मकवानपुरको पश्चिम क्षेत्रमा गरेको मिहेनत र परिश्रमको उचित सम्मान भएको बताए । पश्चिम मकवानपुरका चेपाङ, तामाङ तथा विपन्न समुदायको बसोबास रहेको बस तीमा एमडीआई डेढदशकदेखि निरन्तर क्रियाशील गैरसर कारी संस्था हो । कृषि वन मार्फत गरिव र विपन्नहरुको आर्थिक उपार्जन तथा वातावरणीय संरक्षणमा संस्थाले काम गरि रहेको फिल्ड संयोजक नवीन सुवेदीले बताए ।

खासगरी अनिकालग्रस्त क्षेत्रमा कामका लागि खाद्यान्न लगायतका कामहरुको सहजीकरण गर्दै एमडीआईले खेर गइरहेका पाखो र रुखो जग्गाहरुलाई व्यवस्थित ढंगले आयमूलक विरुवाहरु केरा, भुँइकटहर, अम्रिसो, कागती लगायतलाई प्रवर्द्धन गर्दै आइरहेको छ । एमडीआईले वन तथा वातावरणको क्षेत्रमा उत्कृष्टता हासिल गरेको भन्दै संस्थाले यसअघि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ । संस्थाल केन्याको नैरोबीमा १ लाख डलरको युनएनइपी सासाकावा पुरस्कार, फिलिपिन्समा रियोतारो हासिमोतो एपिएफइडी २० हजार पुरस्कार र साउथ कोरियामा एक हजार ५ सय डलरको एपीएलसी पुरस्कार प्राप्त गरिसकेको छ । राष्ट्रिय रुपमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालबाट वातावरण मन्त्रालयले राष्ट्रिय वातावरण संरक्षण पुरस्कार समेत संस्थाले प्राप्त गरिसकेको छ । पुरस्कार को राशि ५० हजार रहेको थियो ।

हेटौंडामा